# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८०/०८१
च.नं :

प्रकाशन मिति २०८०/११/२१

## निजी जग्गामा वृक्षारोपण/कृषि वन स्थापनाका लागि अनुदान दिने सम्बन्धि सूचना !

यस शितगंगा नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने समृद्धिको लागि वन कार्यक्रम अर्न्तगत निजी जग्गामा लैङ्गिक सुविधा (महिला, दलित तथा विपन्न वर्गलाई प्राथमिकता) सहितको बृक्षारोपण/कृषि वन स्थापनाको लागि वार्षिक स्वीकृत अनुदान कार्यक्रम अर्न्तगत निजी जग्गामा वृक्षारोपण/कृषि वन स्थापना गर्न इच्छुक लक्षित समूहका व्यक्तिहरुलाई आफुले चाहे अनुसारको प्रजातीको बृक्षारोपण गर्न (हालको वृक्षारोपण अनुदान निर्देशिका बमोजिम ५० प्रतिशत अनुदानमा कम्तिमा ४०० संख्यामा बिरुवा नघट्ने गरी) इच्छुक व्यक्ति/कृषि सहकारी/कृषि वन समूह तथा कृषक समूहहरुलाई यो सूचना प्रकाशन/प्रसारण भएको मितिले २१ दिन भित्र (मिति २०८०/१२/११ गते सम्म) यस कार्यालयमा तपशिल बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन/प्रसारण गरिएको छ ।

*आवश्यक कागजातहरु*

१. निवेदन (वृक्षारोपण गर्ने प्रजातिहरु, संख्या र अनुमानित क्षेत्रफल खुलाई)
२. नेपाली नागरिकताको प्रतिलिपि
३. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, मालपोत बुझाएको रसिद
४. कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी
५. समूह बैठकको निर्णयको प्रतिलिपी

पुनश्चः-निर्देशिका संसोधन भई आएमा सोही बमोजिम वृक्षारोपणको संख्या र क्षेत्रफल कम हुन सक्ने छ । विस्तृत जानकारीको लागि शितगंगा नगरपालिकाका वन प्राविधिक श्री रचना पन्थी ९८६०१०३९१२ मा सर्म्पक गर्नुहुन ।

( अर्जुन शर्मा )
प्रमुख प्रशासकीय अधिकृतत

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची 2 : वृक्षरोपणका लागि सिफारिस गरिएका रुख प्रजातिहरु

(क) निजी वनका लागि सिफारीस गरिएका प्रजातिहरु (स्रोत : निजी वन विकाससम्बन्धी निर्देशिका, २०६८)

| क्रम संख्या | वैज्ञानिक नाम | नेपाली नाम |
|---|---|---|
| 1 | *Dalbergia sissoo* | सिसौ |
| 2 | *Eucalyptus* spp. | मसला प्रजाति |
| 3 | *Neolamarckia cadamba* | कदम |
| 4 | *Bombax ceiba/ Ceiba pentandra* | सिमल / कपोक |
| 5 | *Melia azedarach* | बकैनो |
| 6 | *Albizia* spp. | शिरीष प्रजाति |
| 7 | *Dendrocalamus* spp. | बाँस प्रजाति |
| 8 | *Populus* spp. | लहरे-पिपल प्रजाति |
| 9 | *Tectona grandis* | सागौन |
| 10 | *Leucaena latisiliqua* | इपिल-इपिल |
| 11 | *Acacia arabica* | बबुल |
| 12 | *Azadirachta indica* | नीम |
| 13 | *Acer oblongum* | फिरफिरे |
| 14 | *Syzygium cumini* | जामुन |
| 15 | *S. jambos* | गुलाब जामुन |
| 16 | *Acacia catechu* | खयर |
| 17 | *Garuga pinnata* | दबदबे |
| 18 | *Bauhinia purpurea* | टाँकी |
| 19 | *Shorea robusta* | साल |
| 20 | *Pterocarpus marsupium* | बिजयसाल |
| 21 | *Gmelina arborea* | गमारी |
| 22 | *Phyllanthus emblica* | अमला |
| 23 | *Artocarpus integra* | कटहर |
| 24 | *A. lakoocha* | बडहर |
| 25 | *Mangifera indica* | आँप |
| 26 | *Michelia champaca* | चाँप |
| 27 | *Aquilaria malaccensis* | अगर-वृक्ष |
| 28 | *Citrus limon* | कागति |
| 29 | *Tamarindus indica* | इमली, तित्री |
| 30 | जग्गाधनीले छनौट गरेका अन्य रुख प्रजातिहरु | |